# प्राचीन नेपाल बस्ती-तिमालको इतिहासमा प्रकाश

-चन्द्रप्रसाद त्रिपाठी

काभ्रेपलाञ्चोक जिल्लाको तिमाल क्षेत्र, तामाङ जातिको प्राचीनकालदेखिको बसोवास रहिआएको ठाउँ भएकोले, तामाङ संस्कृतिको अध्ययन गर्ने क्रममा २०३८–३९ सालतिर मैले त्यस क्षेत्रको भ्रमण गरेको थिएँ। त्यसै समय तिमाल कल्लेरी निवासी भू० पू० न्यायाधीश धर्मप्रसाद पाण्डेसंग रहेको मकवानी अन्तिम राजा दिग्वन्धन सेनको ताम्रपत्रका टुक्राहरू प्राप्त गरेको थिएँ। प्राप्त ताम्रपत्रको २ टुक्रालाई मिलाएर (अध्ययन गर्दा) हेर्दा यसको शीर्ष भाग बाहेक अरू पाठ पूरा भयो। शीर्ष भागको टुक्रा पाउन नसकिएकोले शीर्ष भागमा के लेखिएको थियो, पढ्न नपाइए तापनि त्यहाँ राजा दिग्वन्धन सेनको प्रशस्तिको थालनीका शब्दहरू थिए भन्ने कुरा प्रष्ट छ। यस ताम्रपत्रको तस्वीर र पाठ मैले २०४० सालमा त्रि. वि नेपाली इतिहास संस्कृति र पुरातत्त्व शिक्षण समितिमा पेश गरेको "तिमालका तामाङहरू: एक अध्ययन" नामक शोध-पत्रमा पनि समावेश गरेको छु, तिमाल क्षेत्रको ऐतिहासिक विवरण दिने क्रममा।[1]

यस ताम्रपत्रमा एउटा जग्गा विर्ता प्रदान गरिएको साधारण कुराको विवरण छ तापनि यसको ऐतिहासिक महत्त्वहरू निकै रहेको छ। यस ताम्रपत्रको ऐतिहासिक महत्त्वबारे चर्चा गर्नुभन्दा पहिले पढ्न सकिए जति पूरा पाठ उल्लेख गर्नु सान्दर्भिक हुने भएकोले सो ताम्रपत्रको पाठ यहाँ प्रस्तुत छ :–

"(विरु) "दावलिविराजमानमानन्नत श्री
मत्माहाराजधीराजा श्री श्री श्री म
द्दिग्वद्यन सेन देवदवाना सदा
समर विजइ नाम्–––
आगे रिजिन मिझारको कल्यारी मटे
य मुरि १० लाक्या मद्धे वाझो मुरि ६०९
?......पहरो पश्चिम सालको...... ?
ढलो उत्तर कोसी पूर्व डाडो ल्व (कि)
ल विर्ता गरि दियाको छ च...... ?
बा गरि षातिरजामा सग विल...... ?
नु विर्ताका सरह सेवा गर्नु घडे
रि पाथि तिन बिव जान्या...... ?
मा गरि दियाको छ इति सम्वत १८
१९ साल माद्र सुदि ...... ? हरि
हरपुरमा आगे सुक्री विक्री सरि
षानु–––

प्रस्तुत अभिलेखको शीर्ष भाग फेला नपरेकोले शिरानमा के कस्ता चिन्हहरू अंकित थिए, थाहा हुन सकेन। साथै दिग्वन्धन सेनको पूरा प्रशस्ति पनि छैन, केवल "...... दावलविराजमानमानन्नतश्रीमत्माहाराजधीराजा श्री श्री श्री मद्दिग्वन्धन सेन देव देवानम सदा समर विजइनाम्" मात्र छ। तैपनि यस ताम्रपत्रले केही महत्त्वपूर्ण ऐतिहासिक जानकारीहरू हाम्रा सामु प्रस्तुत गर्दछ।

यस ताम्रपत्रका प्रकाशक राजा दिग्बन्धन सेन र मकवानपुर राज्यको बारेमा यहाँ संक्षिप्त जानकारी प्रस्तुत गर्नु पनि अप्रासांगिक देखिदैन । मकवानपुर राज्य पहिले पाल्पाली राजा मुकुन्द सेनको विशाल राज्य अन्तर्गत नै पर्दथ्यो । मुकुन्द सेनपछि विशाल पाल्पा राज्यलाई उनका छोराहरूले विभिन्न राज्यमा बाँडेर राज गर्न थाले । प्राचीन सेन वंशावलीमा मुकुन्द सेनका चार जना रानीहरूबाट १३ भाइ छोराहरू भएको [2] उल्लेख भए पनि भवदत्त-कृत सेन वंशावलीमा मुकुन्द सेनका छोराहरू क्रमशः विनायक सेन, माणिक सेन, विहङ्ग सेन (भ्रिङ्गी सेन), लोहाङ्ग सेन मात्रको नाम उल्लेख छ । [3] संभवतः अरुले बलियो राज्य खडा गर्न नसकेकाले भवदत्तले अरूको नाम छुटाएका होलान् । मुकुन्द सेनपछि विनायक सेनले बुटवलमा, मानिक सेनले पाल्पामा, विहंग (भ्रिंगी) सेनले तनहुँमा र लोहाङ्ग सेनले मकवानपुरमा राज गर्न थाले । [4]

लोहाङ्ग सेनले स्थापना गरेको मकवानपुर राज्यको सीमा पूर्वमा महानन्दा, पश्चिममा अदिया, उत्तरमा भोटको हिमाली क्षेत्र र दक्षिणमा पूर्णियाँको नजीक जुलागढसम्म फैलिएको थियो । [5] लोहाङ्ग सेनले यस राज्यको स्थापना कुन मितिमा गरे भन्ने कुरा निश्चित रूपमा प्रमाणित छैन । साथै उनले कुन मितिसम्म राज्य गरे भन्ने कुरा पनि निश्चित छैन । लोहाङ्ग सेनपछि राघव सेन र हरिहर सेन क्रमशः राजा भए । हरिहर सेनले गोण्डवारासम्म आफ्नो राज्य फैलाए र "हिन्दूपति" को उपाधि ग्रहण गरे [6]। हरिहर सेनपछि माणिक सेन, हेमकर्ण सेन र दिग्बन्धन सेन क्रमशः मकवानपुरको गद्दीमा बसे । गोरखाका राजा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह दिग्बन्धन सेनका जेठान होइबक्सिन्थ्यो तापनि दिग्बन्धन गद्दीमा बस्नु अघिदेखि नै यी दुईका बीच मनमुटाव थियो । दिग्बन्धन सेनसंगको झगडाको कारणले मात्र होइन सन् १७६१ मा पेशवालाई पानीपतको लडाईमा अंग्रेजले हराएपछि अंग्रेजलाई उत्तरतिर बढ्नमा रोक लगाउन सक्ने मजबूत शक्तिको त्यस क्षेत्रमा अभाव भयो । यसरी मकवानपुरलाई अंग्रेजले अधिकार गर्ने संभावना बढेको र मकवानपुर अंग्रेजको अधिनमा पुगेमा नेपालको एकीकरण अभियानमा बाधा पुग्ने देखी दूरदर्शी श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट मकवानपुर अधिकार गर्नु नितान्त आवश्यक ठानिबक्स्यो ।[7] श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले सन् १७६२ को भाद्रमा मकवानपुर उपर आक्रमण गरिबक्से । दिग्बन्धन सेन त्यहाँबाट भागेर ८ कोश पूर्व हरिहरपुर गढीमा पुगे । त्यहाँ पनि सन् १७६२ को आश्विनमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका फौजले आक्रमण गरी अधिकार गर्‍यो ।[8] यस प्रकार दिग्बन्धन सेन मकवानपुरका अन्तिम राजा भए ।

माथि मकवानपुर राज्य र राजा दिग्बन्धन सेनको संक्षिप्त परिचय प्रस्तुत गरियो । अब यस ताम्रपत्रको ऐतिहासिक महत्त्वबारे केही चर्चा गर्ने प्रयत्न गर्दछु ।

**दिग्बन्धन सेनको एउटै मात्र अभिलेखः–** मकवानपुरका राजाहरू माणिक सेन र हेमकर्ण सेनका अभिलेखहरू प्राप्त भए पनि दिग्बन्धन सेनको अभिलेख यस अघि प्राप्त भएको थिएन । यो दिग्बन्धन सेनको प्राप्त पहिलो अभिलेख हो । यो ताम्रपत्र दिग्बन्धन सेनले वि० सं० १८१९ भाद्रमा मकवानपुरमा पराजय भएपछि भागेर हरिहरपुर गढीमा गई बसेको वेला गरिदिएको देखिन्छ । संभवतः तिमाले तामाङहरूलाई हात लिएर हरिहरपुर र तिमालको मद्दतले गोर्खा उपर आक्रमण गरी मकवानपुर फिर्ता लिने विचारमा दिग्बन्धन सेन लागेका थिए । यसैले तिमालका रिनजिन मिझारलाई उनले यस ताम्रपत्रानुसार विर्ता दिई कृतज्ञ तुल्याएका थिए । दिग्बन्धन सेनको यस प्रयासलाई श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट कार्यरूप दिने अवकाश नदिई बक्सी वि० सं० १८१९ को आश्विनमा हरिहरपुर उपर पनि आक्रमण गरी अधिकार गरिबक्से ।

**तिमालको इतिहासमा प्रकाशः-** श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट अधिकार गर्नु भन्दा पहिले तिमाल क्षेत्र कुन राज्य अन्तर्गत थियो भन्ने कुरा प्रष्ट थिएन । काठमाडौं या भक्तपुरको मातहतमा थियो होला भन्ने भ्रमात्मक विश्वास इतिहासकारहरूमा रहेको महसूस हुन्छ । लिच्छविकालमै तिमाल आवाद थियो भन्ने कुरा तिमालको पूर्वी सीमामा अवस्थित दुम्जा कुशेश्वर महादेव

स्थानमा लिच्छविकालीन राजा अंशुवर्माको अभिलेख पाइनुबाट प्रमाणित हुन्छ।[९] काठमाडौं-तिरहुत आवत जावत गर्ने मार्गमा पर्ने यो क्षेत्रको व्यापारिक महत्त्व थियो तथा काठमाडौंबाट पूर्वी प्रदेश र दक्षिणपूर्वी मैदान छिचोल्ने मार्ग वर्षादमा तिमाल डाँडै डाँडा र हिउँदमा रोसी खोलाको बगरै बगर दुम्जा भएर सुनकोशीको किनारै किनार खुर्कोट पुगेर सिधुलीगढीतिर र ओखलढुङ्गातिर लाग्दथ्यो। मध्यकालमा काठमाडौं उपत्यकामा बंगाली फौज पूर्वकै बाटो भएर आएको थियो।[१०] पूर्वी मैदानबाट काठमाडौं उपत्यकामा पस्ने बाटो त्यस बेला अर्को नभएकोले सो फौज यही तिमाल क्षेत्र हुँदै आएको थियो। बंगालबाट आएको यस मुशलमानी फौजले नेपालमा भेटे जति मूर्तिहरू तोडफोड गरेको थियो।[११] तिमाल सत्यनारायण मन्दिरमा विराजमान शिलाको नारायण मूर्तिको नाक र हात टुटेको पाइएकोले पनि यस कुरालाई प्रमाणित गर्दछ। संभवतः सिमरौनगढका हरिसिंह देवका परिवार यही बाटो हुँदै भक्तपुरमा शरणार्थीको रूपमा उत्रेका थिए। जयप्रकाश मल्ललाई सहयोग गर्न आएको अंग्रेजी फौज यही बाटो भएर आउन लाग्दा सिन्धुलीमा गोर्खाली फौजले हराएर पठाएका थिए। देव शम्शेर धनकुटा धपाइँदा यही बाटो भएर गएका थिए। त्रिभुवन राजपथ नखुलुन्जेल र आन्तरिक हवाई सेवा शुरु नहोउन्जेल तिमाल काठमाडौं उपत्यकाको दक्षिण-पूर्वको द्वारको रूपमा रहेको थियो। नेपालको एकीकरण हुनु अघि व्यापारिक र सामरिक दृष्टिकोणले महत्त्वपूर्ण यो तिमाल प्रदेशलाई आफ्नो अधीनमा राख्न उपत्यकाका तीनवटै राज्य लगायत मकवानपुर सधैं लालयित रहन्थे। यसैले यो प्रदेश कहिले काठमाडौंको, कहिले भक्तपुरको त कहिले मकवानपुरको अधीनमा रह्यो। श्री ५ पृथ्वीनारायण शाहले अधिकार गर्नु भन्दा केही अघि भने, यो प्रदेश मकवानपुरको नियन्त्रणमा थियो भन्ने कुरा, यस ताम्रपत्रले प्रमाणित गर्दछ।

**मकवानपुर राज्यको सरकारी भाषा नेपाली थियोः**- माणिक सेनले जनकपुरस्थित जानकी मन्दिरलाई जमीन गुठी स्वरूप प्रदान गर्दा गरिदिएको लालमोहर पत्र मैथिली भाषामा छ।[१२] तर यो ताम्रपत्र नेपाली भाषामा छ। जनकपुरमा मैथिली भाषीहरूको बसोवास भएकोले त्यहाँको स्थानीय भाषामा सो लालमोहर जारी गरिएको भए तिमालको स्थानीय भाषा तामाङ भाषामा यो ताम्रपत्र जारी हुनु पर्दथ्यो। माणिक सेनको अभिलेख मैथिलीमा पाइनु र दिग्बन्धन सेनको अभिलेख नेपाली भाषामा पाइनुको तात्पर्य मकवानपुर राज्यमा पहिले मैथिलीलाई सरकारी भाषाको रूपमा प्रयोग गरिएकोमा नेपाली भाषाको विकास र विस्तार हुँदै आएपछि सो स्थान नेपाली भाषाले लिएको हो भन्ने देखिन आउँदछ।

**मकवानपुरको भूमि प्रशासन व्यवस्थाः**- यो ताम्रपत्र तिमाल कल्लेरीका रिनजिन मिझारको नाउँमा जारी गरिएको छ। 'मिझार' पदबोधक शब्द हो। यस शब्दले गाउँको एक किसिमको मुखिया, तालुकदारभन्दा तल्लो तहको, गाउँको कर उठाउने अधिकारीलाई बुझाउँदछ। पञ्चायती व्यवस्था प्रारम्भ भई गाउँ पञ्चायतहरूको गठन हुनु अघिसम्म पनि तिमाल क्षेत्रमा स्थानीय मालपोत उठाउने काम मिझारहरूबाटै हुन्थ्यो। साथै यस ताम्रपत्रमा जग्गाको क्षेत्रफल उल्लेख गर्दा माटो-मुरीमा उल्लेख गरिएको छ। भूमि प्रशासनमा यही व्यवस्था राणाकालमा पनि प्रचलित थियो। यसबाट राणाकालीन भूमि प्रशासनको पूर्वरूपको रूपमा मकवानी सेन राजाहरूको भूमि प्रशासन व्यवस्था पनि थियो भन्ने कुरा प्रमाणित हुन्छ।


## पाद टिप्पणी

१. चन्द्रप्रसाद त्रिपाठी; **तिमालका तामाङहरू : एक अध्ययन**; २०४०, त्रि. वि., नेपाली इतिहास, संस्कृति र पुरातत्त्व शिक्षण समितिमा प्रस्तुत अप्रकाशित शोधपत्र, पृष्ठ २७।


२. शंकरमान राजवंशी; **सेन वंशावली**; २०२०; श्री ५ को सरकार, राष्ट्रिय अभिलेखालय, काठमाडौं, पृष्ठ ४।

३. ऐजन, पृष्ठ २५।

४. फ्रचान्सिस ह्यामिल्टन; **एन एकाउन्ट अफ द किङ्गडम अव नेपाल**; १९७१, मञ्जुश्री



मकवानी अन्तिम राजा दिग्वन्धन सेनको ताम्रपत्रका टुक्राहरू


काभ्रेपलाञ्चोक जिल्ला
उ
स्केल १" = ४ माइल
धुलिखेल
अरनिको राजमार्ग
ताम्रपत्रमा उल्लेख भएको क्षेत्र
काभ्रे
संकेतहरू
जिल्ला सीमाना
जिल्ला सदरमुकाम
पंचायत सीमाना
बाटो (अरनिको राजमार्ग)

पब्लिशिङ हाउस, न्यू दिल्ली, पृष्ठ १३२ ।

५. ऐजन, पृष्ठ १३६ ।

६. ऐजन, पृष्ठ १३६ ।

७. बाबुराम आचार्य; **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी** २०२४, श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, राजदरबार, काठमाडौं, पृष्ठ ३८१ ।

८. बालचन्द्र शर्मा: **नेपालको ऐतिहासिक रूपरेखा**; २०३३, कृष्णकुमारी देवी, वाराणसी –१, पृष्ठ २२५ ।

९. धनबज्र बज्राचार्य; **लिच्छविकालका अभिलेख**; २०३०, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि., काठमाडौं, अभिलेख संख्या ९२ ।

१०. धनबज्र बज्राचार्य; "समसुद्दीनको आक्रमण", **पूर्णिमा**, पूर्णाङ्क ८, संशोधन मण्डल; काठमाडौं; पृष्ठ १० ।

११. ऐजन

१२. शंकरमान राजवंशी (सं); **पुरातत्त्व पत्र संग्रह**; दोस्रो भाग; २०१८, पुरातत्त्व विभाग, काठमाडौं, संख्या ४१ ।

१३. सूर्यविक्रम ज्ञवाली (प्र. सं.); **नेपाली संक्षिप्त शब्दकोश**; २०४०, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं; पृष्ठ ६०१ ।